# स्थानिय सरकार
## दुहवी नगरपालिका
**Duhabi Municipality**
## नगर कार्यपालिकाको कार्यालय
**Office of Municipal Executive**
दुहवी, सुनसरी

प.सं. ०८२/०८३ | कोशी प्रदेश, नेपाल
च.नं. | **KOSHI PROVINCE, NEPAL**

### प्रस्ताव आव्हानको सूचना

प्रथम पटक सुचना प्रकाशित मितिः- २०८२।०९।२८

सुचना सुचना सुचना

विषयः- बंगुर पालन प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागी आवेदन पेश गर्ने सम्वन्धमा ।

दुहवी नगरपालिका पशु सेवा शाखा दुहवीको आ.व. २०८२।०८३ को बार्षिक स्विकृत बंगुर पालन प्रवर्द्धन कार्यक्रम ५०% (प्रतिसत) लागत साझेदारीमा संचालन गर्न कोशी प्रदेश सरकार बाट स्थानिय तहहरुमा बित्तिय हस्तान्तरण मार्फत सशर्त अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी मार्गदर्शन अनुसारको यस नगरपालिका बाट स्विकृत मापदण्ड पुरा गरेका इच्छुक कृषक/समुह/समिती/ कषि सहकारी/टोल विकास संस्था फर्म व्यवसायीहरुबाट प्रस्ताव आहानको लागी यो सुचना प्रकाशित गरीएको छ । यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) औ दिन (२०८२/१०/१२) सम्म कार्यालय समय भित्र निम्न कागजात सहित प्रस्ताव पेश गर्नहुन सुचना आहान गरिन्छ । साथै मापदण्ड नपुगेका, रित नपुगी वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश हुन नसक्ने व्यहोरा समेत यसै सुचना द्वारा जानकारी गराईन्छ ।

अनुदान रकम

| क्र.स. | कार्यक्रमको नाम | अनुदान कम |
|---|---|---|
| १ | बंगुर पालन प्रवर्द्धन | • व्यक्ती,समुह/सहकारी, टोल विकास संस्थाको हकमा बढिमा रु.१०००००।-<br>• निजि उद्यमी/व्यवसायीहरुको हकमा बढिमा रु.२५००००। |

<u>आवेदन सगं पेश गर्नु पर्ने कागजातहरु</u>

१)सम्वन्धित आवेदकको नेपाली नागरिकताको प्रतिलिपी ।

२)कृषक समूह/समिती/कृषि सहकारी/टोल विकास संस्था/ निजि उद्धमी, दर्ता प्रमाण पत्र तथा प्यान नं.को प्रतिलिपी ।

३) गत आ.व..को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।

४)कृषक समुह/कृषि सहकारीको/ टोल विकास संस्थाको हकमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाइएको निर्णयको प्रतिलिपी सहित सदस्यहरु संग भएको बंगुरको (तथ्याङ्क) विवरण।

५)जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए १० वर्षको करार सम्झौता पत्र

६)सम्वन्धित वडा कार्यालयको सिफारिस ।

७)स्थानियतह दर्ता तथा नविकरणको प्रतिलिपी ।

८) कार्य योजना, २ वर्ष भित्र समान प्रकृतिको कामको लागी अनुदान सहयोग नलिएको स्वघोषणा पत्र, ।

९)) ५०% (प्रतिशत) लागत साझेदारी मा कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता पत्र ।

(१०)आवेदकले आवेदन दर्ता गर्नको लागी न्युनतम मापदण्ड पुरा गरेको हुनुपनेछ ।

थप जानकारीको लागी ९८५२०६३९३३/९८४२७७६२६६मा सम्पर्क गर्न सकिनेछ ।

९/२५

सुवर्ण घिमिरे
प्रमुख प्रशासकीय अधिकृत